अस्पतालमा ल्याब तथा अन्य स्वास्थ्य जनशक्ती पदपूर्तिका लगि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई र भारदह अस्पताल हाता भित्र आईसोलेशन सेन्टर संचालनको लागि जनशक्ती व्यवस्थापन गरिदिन प्रदेश नं.२ सरकारलाई अनुरोध गर्न ।

**निर्णय ७**

गजेन्द्र नारायण सिंह अस्पतालमा रहेको पिसिआर ल्यावबाट मिति २०७८।०१।१९ गते देखि दैनिक रुपमा निःशुल्क स्वाव परिक्षण गर्ने व्यवस्था उक्त अस्पतालका मे.सु.ले मिलाउने ।

**निर्णय ८**

कोभिड -१९ को संक्रमणको कारण मृत्यु भएकाहरुको शवको अन्त्येष्टी गर्दा बाहिरी जिल्लामा उपचार गर्दा गर्दै मृत्यु भएकाको हकमा सप्तकोशी नदीको किनारमा र अन्यको हकमा आ-आफ्नो स्थानीय तहको परम्परा देखी लाशको अन्त्येष्टी गर्ने स्थानमा आफ्नो धार्मिक परम्परा अनुसार अन्त्येष्टी गर्ने ।

**निर्णय ९**

स्थानिय तहले व्यवस्थापन गरेका आईसोलेशन केन्द्र, एम्बुलेनस, शव बाहन चालु हालतमा राख्न सबै स्थानीय तहलाई अनुरोध गर्ने ।स्थापना भएका आइशोलेशन केन्द्रमा Telemedicine सेवाको व्यवस्थापन गजेन्द्र नारायण सिह अस्पतालले मिलाउने ।